आज मिति २०८३/०५/०१५ गतेका विहान ८:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)
उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)
वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)
वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)
वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)
वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (बडा अध्यक्ष म.गा.पा. ४)
वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)
वडा अध्यक्ष : श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)
वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)
वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)
वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)
कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ
कार्यपालिका सदस्य :- श्री पूर्ण घले
कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ
कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली
कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत :- श्री सुरेश गौतम

अन्य उपस्थिति:

लेखा अधिकृत :- श्री मनी राना मगर
उद्यम विकास सहजकर्ता :- श्री दिपेन्द्र कुमार भण्डारी

AnyScanner

मर्स्याङ्दी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**मिति २०८३ भदौ १५ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८३/०४/०१ को मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णगहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो । समग्र कार्य प्रगति सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ : मर्स्याङदी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि पुर्वस्वीकृति ,सर्वेक्षण समिति गठन तथा मुल्याङ्कन सम्बन्धमा।**

"संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२" को दफा ५ को उपदफा ३ मा सर्वेक्षण गर्नुपुर्व सम्बन्धित कार्यपालिकाले पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था भएअनुसार सोही मापदण्ड र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०१/११ को परिपत्र बमोजिम यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि आ.व. २०८०/८१ मा गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन २०८१ अध्ययन तथा विश्लेषण गर्दा सोही प्रतिवेदन बमोजिम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि स्वीकृति दिने, "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी रा ष्ट्रिय मापदण्ड २०८२" दफा ७ बमोजिम उक्त मापदण्डले निर्दिष्ट गरेको काम, कर्तव्य र अधिकार अन्तर्गत रही कार्य गर्न तपसील बमोजिमका सदस्यहरु रहने गरी एक सर्वेक्षण समिति गठन गर्ने साथै मापदण्ड अनुसार संगठन संरचना र दरवन्दी तेरिज सभावाट स्वीकृत गर्नुपूर्व मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पठाउनुपर्ने प्रावधान भएअनुसार आवश्यक मूल्याङ्कनको लागि गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पठाउने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकवाट सर्वसम्मतिले निर्णय गरियो ।

तपसीलः

१. विज्ञान पौडेल, प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. मनि रानामगर, लेखा अधिकृत - सदस्य
३. अर्जुन चपाई, प्रशासकीय अधिकृत - सदस्य सचिव

**निर्णय नं. ३ : विपदबाट भएको जनधनको क्षति पश्चात राहत तथा पुनर्स्थापनाका लागि मर्स्याङ्दी गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुबाट योगदान गर्ने सम्बन्धमा।**

मिति २०८३/०५/११ को नेपाल सरकार सचिवस्तरको बैठकबाट सम्बत २०८३ साल भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षति पश्चात राहत तथा पुनर्स्थापना कार्यमा राष्ट्रसेवक कर्मचारीहरुको तर्फबाट योगदान गर्ने सम्बन्धमा भएको निर्णय समेतलाई आधार मानी यस मर्स्याङ्दी गाउँपालिकामा कार्यरत संघ, प्रदेश र स्थानीय सेवाका सबै कर्मचारीहरुबाट योगदान हुने गरी श्रेणीविहीन कर्मचारीको तर्फबाट मासिक सुरु तलब स्केलको २ दिनको, चौथो तहका कर्मचारीवाट ४ दिनको, पाँचौं तहका कर्मचारीबाट ५ दिनको, छैठौं तहका कर्मचारीबाट ६ दिनको, सातौं तह तथा रा.प.तृतीय श्रेणीका कर्मचारीबाट ७ दिन बरावरको तलव/पारिश्रमिक



विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
कार्यपालिकाको कार्यालय
दुलमुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७५

रकम तथा मर्स्याङ्दी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरुबाट उक्त कार्यमा योगदान हुने गरी गण्डकी प्रदेशको "गाउँ सभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६" बमोजिम यस गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने मासिक सुविधाको १५ दिन बराबरको रकम २०८३ भदौ महिनाको मासिक तलब/पारिश्रमिक/सुविधा भुक्तानी गर्दा कट्टा गरी पदाधिकारी तथा कर्मचारीहरुको कट्टी वापत हुन आउने एकमुष्ठ रकम प्रधानमन्त्री देवी प्रकोप उद्धार कोषमा जम्मा गरी योगदान गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ४ : मौरी पकेट विकास कार्यक्रम सञ्चालन सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सशर्त अनुदानमा हस्तान्तरित "मौरी पकेट विकास कार्यक्रम" सञ्चालनार्थ मिति २०८३/०४/१५ गते सूचना प्रकाशन गरी कृषक समूहहरूबाट आवेदन माग गरिएकोमा, तोकिएको म्यादभित्र दरखास्त पेश गर्ने कृषक समूहहरूको हकमा **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल (Project Implementation Manual - PIM)** को परिच्छेद-४ **"परियोजना सम्भाग कार्यान्वयन प्रक्रिया"** को दफा ४.१ **"साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम)"** अन्तर्गतको उपदफा ४.१.५ मा उल्लेखित पकेट संख्या तथा कार्यक्रम सञ्चालन अवधि, अनुसूची-११ बमोजिमको **"पकेट / ब्लक / जोन / सुपरजोन विकास कार्यक्रमका लाभग्राही छनौट मूल्याङ्कन मापदण्ड"** को अंकभार तथा सोही परिच्छेद-४ को दफा ४.१.८ (ख) बमोजिम गठित प्राविधिक समितिबाट स्थलगत फिल्ड अनुगमन गरी तयार पारिएको प्रतिवेदन लगायतका आधारहरूलाई मूल्याङ्कन गरी, तपसिलमा उल्लिखित कृषक समूहहरू मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने श्री खुदी कृषक समूहलाई यस कार्यक्रममा छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ : समाज विकास सहयोग संस्था नेपालसँगको सहकार्यमा पाठेघर खस्ने समस्या सम्बन्धी अभिमुखीकरण तालिम तथा स्वास्थ्य शिविर सञ्चालन गर्ने सम्बन्धमा।**

यस मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकमा **समाज विकास सहयोग संस्था नेपाल (Social Development Support Institute Nepal–SoDeSi Nepal)** तथा **Women for Women Foundation (WWF)** को सहकार्यमा मर्स्याङ्दी गाउँपालिकाका महिलाहरूमा देखिन सक्ने **पाठेघर खस्ने समस्या (Pelvic Organ Prolapse–POP)** को रोकथाम, पहिचान, उपचार तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा उक्त संस्थाहरूले विगतदेखि नेपालका विभिन्न जिल्लामा पाठेघर खस्ने समस्या सम्बन्धी रोकथाम तथा उपचार कार्यक्रम सञ्चालन गर्दै आएको र यस कार्यक्रमअन्तर्गत स्थानीय स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि, समुदायस्तरमा जनचेतना अभिवृद्धि, सम्भावित बिरामीको पहिचान तथा आवश्यकताअनुसार निःशुल्क उपचार/परामर्श प्रदान गर्ने उद्देश्य रहेको कार्यक्रमअन्तर्गत पहिलो चरणमा गाउँपालिका तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी **स्वास्थ्यकर्मी, महिला जनप्रतिनिधि, महिला शिक्षक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई पाठेघर खस्ने समस्याको परिचय, कारण, अवस्था/चरण, रोकथामका उपाय तथा उपचारसम्बन्धी एकदिने अभिमुखीकरण तालिम** सञ्चालन गर्ने र त्यसपछि करिब एक हप्ताको अन्तरालमा विशेषज्ञ चिकित्सक तथा

विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

स्वास्थ्यकर्मीको सहभागितामा वडास्तरीय पाठेघर खस्ने समस्या (POP) परीक्षण तथा स्वास्थ्य शिविर सञ्चालन गर्ने प्रस्ताव पेश भएकोमा सो सम्बन्धमा छलफलपश्चात् स्थानीय महिलाहरूको स्वास्थ्य सुरक्षामा प्रत्यक्ष योगदान पुग्ने, पाठेघर खस्ने समस्याको समयमै पहिचान तथा उपचारमा सहयोग पुग्ने र समुदायमा यससम्बन्धी जनचेतना अभिवृद्धि हुने देखिएकाले देहायबमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**प्रस्तावित कार्यक्रम तालिका:**

अभिमुखीकरण तालिम देहायबमोजिम सञ्चालन गर्ने गरी आवश्यक समन्वय गर्ने निर्णय गरियो:

| क्र.सं. | मिति | बार | सम्बन्धित वडा | स्थान |
|---|---|---|---|---|
| १ | २०८३/०७/११ | बुधबार | वडा नं. ७ र ८ | भुलभुले स्वास्थ्य चौकी |
| २ | २०८३/०७/१२ | बिहीबार | वडा नं. १ र २ | भाचे आमा समुह भवन |
| ३ | २०८३/०७/१३ | शुक्रबार | वडा नं. ९ | गणेश मा.वि. प्राङ्गण |
| ४ | २०८३/०७/१४ | शनिबार | वडा नं. ४ र ५ | घेर्मु स्वास्थ्य चौकी |
| ५ | २०८३/०७/१५ | आइतबार | वडा नं. ६ | वाहुनडाँडा स्वास्थ्य चौकी |
| ६ | २०८३/०७/१६ | सोमबार | वडा नं. ३ | खुदी स्वास्थ्य चौकी |

**स्वास्थ्य शिविर सञ्चालनको प्रस्तावित तालिका**

प्रस्तावअनुसार देहायबमोजिम वडास्तरमा POP परीक्षण तथा स्वास्थ्य शिविर सञ्चालन गर्न आवश्यक समन्वय गर्ने निर्णय गरियो:

| क्र.सं. | मिति | बार | सम्बन्धित वडा | स्थान |
|---|---|---|---|---|
| १ | २०८३/०७/२८ | सोमबार | मर्स्याङ्दी गाउँपालिका | मर्स्याङ्दी गाउँपालिका |
| २ | २०८३/०७/२९ | मंगलबार | वडा नं. ७ र ८ | भुलभुले स्वास्थ्य चौकी |
| ३ | २०८३/०७/३० | बुधबार | वडा नं. १ र २ | भाचे आमा समुह भवन |
| ४ | २०८३/०८/०१ | बिहीबार | वडा नं. ९ | गणेश मा.वि. प्राङ्गण |
| ५ | २०८३/०८/०२ | शुक्रबार | वडा नं. ४ र ५ | घेर्मु स्वास्थ्य चौकी |
| ६ | २०८३/०८/०३ | शनिबार | वडा नं. ६ | बाहुनडाँडा स्वास्थ्य चौकी |
| ७ | २०८३/०८/०४ | आइतबार | वडा नं. ३ | खुदी स्वास्थ्य चौकी |

दिलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ६ : पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त स्वीकृत कार्यक्रम कार्यान्वयन तथा आवश्यक समन्वय गर्ने सम्बन्धमा।**

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकमा पूर्वाधार विकास मन्त्रालय/सम्बन्धित कार्यालयबाट मिति २०८३/०४/१९ मा प्राप्त उक्त पत्रमार्फत आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार मर्स्याङ्दी गाउँपालिका अन्तर्गत देहायबमोजिमका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने जानकारी प्राप्त भएको र कार्यक्रम कार्यान्वयनका क्रममा गाउँपालिकासँग आवश्यक समन्वय, सहकार्य तथा सहयोग गर्न अनुरोध भएबमोजिम स्वीकृत कार्यक्रमको नाम तथा प्रकृतिसँग मेल खाने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने खण्ड तथा प्राथमिकताका आधारमा निर्माण/सुधार गर्नुपर्ने आवश्यक संरचनाहरूको विवरण उपलब्ध गराउने, गाउँपालिकाको तर्फबाट कार्यक्रम दोहोरोपना भए/नभएको यकिन गर्ने, स्थलगत निरीक्षणमा आवश्यक सहयोग तथा समन्वय गर्ने र कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा सहजीकरण गर्ने विषयमा समेत छलफल गरी उक्त छलफलपश्चात् संघीय/प्रदेश सरकारबाट गाउँपालिकामा प्राप्त विकास कार्यक्रमहरू प्रभावकारी, पारदर्शी, आवश्यकता र प्राथमिकतामा आधारित तथा दोहोरोपना नहुने गरी कार्यान्वयन गर्न आवश्यक देखिएकाले तपशिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपशिलः**

| क.स. | कार्यक्रमको नाम | प्रस्तावित कार्यहरु | क्षेत्र | विनियोजित बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बस्ती विकास कार्यक्रम अन्तर्गत लमजुङ जिल्ला मर्स्याङ्दी गाउँपालिकाको भुलभुले, खुदी बजारको पूर्वाधार सुधार कार्य | भुलभुले बजार भित्री गोरेटो बाटो | भुलभुले बजारको पूर्वाधार सुधार कार्य | ३००. | दुई बस्ती जोड्ने पूर्वाधारका कार्यहरु |
| | | सुरुङ देखीं कुवापानी सडक स्तरोन्नती | | | |
| | | हामखोला झरना पार्क | | | |
| | | गुम्बा जाने गोरेटो बाटो | | | |
| | | पुरानो बजार भित्री बाटो | खुदी बजारको पूर्वाधार सुधार कार्य | | |
| | | खदीबेनी बगैचा जाने गोरेटो बाटो | | | |
| | | खुदी स्वास्थ्य चौकी मोटरबाटो स्तरोन्नती | | | |
| २ | शहरी सडक मर्मत तथा सडक सुरक्षा कार्यक्रम अन्तर्गत लमजुङ जिल्लास्थित क्व्होलासोथार गाउँपालिका तथा मर्स्याङ्दी गाउँपालिकामा शहरी सडक स्तरोन्नति, मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रम | दोभानचौर अर्खलेबेशी सडक स्तरोन्नती | सडक स्तरोन्नति, मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रम | २५०. | क्व्होलासोथार गाउँपालिका तथा मर्स्याङ्दी गाउँपालिकामा शहरी सडक स्तरोन्नति |
| | | खुदी लामगाउँ सडक स्तरोन्नती | | | |

निर्णय नं. ७ : योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा IEE रिपोर्ट तयार गर्ने सम्बन्धमा।

यस गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक विकास कार्यक्रम तथा गाउँपालिकाको आवश्यकता र प्राथमिकताका आधारमा कार्यान्वयन गर्न प्रस्तावित तल उल्लिखित योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report–DPR) तयार गर्नुपर्ने भएकाले प्रभावकारी, गुणस्तरीय, लागत अनुमानमा आधारित तथा दिगो रूपमा कार्यान्वयन गर्न आवश्यक प्राविधिक अध्ययन, सर्वेक्षण, डिजाइन, ड्इङ, लागत अनुमान, आवश्यक संरचना, वातावरणीय तथा सामाजिक पक्ष लगायतका आवश्यक विवरण समेटी विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु उपयुक्त देखिएकाले तपशिल बमोजिमका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report–DPR गर्ने निर्णय गरियो।

तपशिलः

| सि.नं. | योजनाको नाम | ठेगाना | कैफियत | |
|---|---|---|---|---|
| १ | नायु कलाउवेशी सडक | म.गा.पा-०१ | DPR रिपोर्ट | |
| २ | भुलभुले-सिमलचौर-भुष्मे-रिङटाङ सडक | म.गा.पा-०८ | DPR रिपोर्ट | |
| ३ | हामखोला झरना तथा पार्क | म.गा.पा-०८ | DPR रिपोर्ट | |
| ४ | स्याङ्गे झरना पार्क | म.गा.पा-०४ | DPR रिपोर्ट | |
| ५ | प्रेमो झरना पार्क | म.गा.पा-०२ | DPR रिपोर्ट | |
| ६ | नदीजन्य पदार्थ उत्खनन कार्य (IEE) | म.गा.पा | IEE रिपोर्ट | |

निर्णय नं. ८ : भू-उपयोग योजना तर्जुमा तथा भू-उपयोग वर्गीकरण सम्बन्धी अन्तिम प्रतिवेदन स्वीकृत तथा प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने सम्बन्धमा।

मर्स्याङ्दी गाउँपालिकाको समग्र भू-उपयोगको अवस्था विश्लेषण गरी प्रचलित भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ तथा प्रचलित कानूनबमोजिम गाउँपालिकाभित्रका जग्गाको भू-उपयोग योजना तर्जुमा तथा भू-उपयोग वर्गीकरण गर्ने प्रयोजनका लागि यस **मर्स्याङ्दी गाउँपालिकाको** कार्यालय र म्याप नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि., महालक्ष्मी नगरपालिका-४, इमाडोल, ललितपुर सँग सम्झौता भई उक्त कन्सलटेन्सीबाट तयार गरी पेश गरिएको "मर्स्याङ्दी गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा तथा भू-उपयोग वर्गीकरण" सम्बन्धी अन्तिम प्रतिवेदन, मिति २०८२ माघमा पेश भएको उक्त प्रतिवेदनमा गाउँपालिकाको भौगोलिक अवस्था, विद्यमान भू-उपयोग, जग्गाको प्रकृति, कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा अन्य सम्बन्धित भू-उपयोग क्षेत्रहरूको अध्ययन, विश्लेषण तथा वर्गीकरण गरी गाउँपालिकाको समग्र भू-उपयोग व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक विवरण तथा नक्सासहितको प्रतिवेदन तयार गरिएको देखिएकोले सो सम्बन्धमा बैठकमा विस्तृत छलफल गरियो। छलफलपश्चात् उक्त "मर्स्याङ्दी गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा तथा भू-उपयोग वर्गीकरण" सम्बन्धी अन्तिम प्रतिवेदन गाउँपालिकाको भू-उपयोग

व्यवस्थापन तथा वर्गीकरणका लागि आवश्यक रहेको देखिएकाले प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो। साथै, स्वीकृत अन्तिम प्रतिवेदन तथा सोसँग सम्बन्धित आवश्यक नक्सा, विवरण एवं कागजातहरूलाई यस कार्यालबाट सही छाप तथा प्रमाणीकरण गरी एक/एक प्रति सम्बन्धित **जिल्ला नापी कार्यालय तथा मालपोत कार्यालयमा आवश्यक प्रमाणीकरण/अभिलेखीकरणका लागि पेश गरी** प्रचलित कानूनबमोजिम प्रक्रिया पूरा गरी भू-उपयोग वर्गीकरण कार्यलाई कार्यान्वयनमा **लैजाने** निर्णय अनुमोदन गर्ने सर्वसम्मतिले गरियो।

**निर्णय नं. ९ : आइतबार स्वास्थ्य आंशिक सेवा सञ्चालन गर्ने सम्बन्धमा।**

**यस** मर्स्याङ्दी गाउँपालिकाअन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट सेवाग्राही नागरिकलाई नियमित तथा सहज **रूपमा** स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले **आइतबारका दिन समेत स्वास्थ्य सेवा सञ्चालन गर्ने** सम्बन्धमा स्वास्थ्य सेवाको निरन्तरता, सेवाग्राहीको आवश्यकतालाई मध्यनजर गर्दै गाउँपालिका अन्तर्गतका **स्वास्थ्य चौकी** तथा स्वास्थ्य सेवा इकाईहरूमा **आइतबार बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म** आवश्यक स्वास्थ्य सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

उक्त दिन सेवा सञ्चालन गर्दा जनशक्तिको व्यवस्थापन देहायबमोजिम गर्ने निर्णय गरियो:

- **स्वास्थ्य चौकीमा** २ (दुई) जना **स्वास्थ्यकर्मी** अनिवार्य रूपमा उपस्थित भई स्वास्थ्य सेवा प्रवाह गर्ने।
- **स्वास्थ्य सेवा इकाईमा** १ (एक) जना **प्राविधिक/स्वास्थ्यकर्मी** अनिवार्य रूपमा उपस्थित भई सेवा प्रवाह गर्ने।
- आइतबार सेवा सञ्चालनमा खटिएका कर्मचारीहरूलाई **प्रचलित कानून तथा स्वीकृत कार्यविधि बमोजिम सट्टा बिदा (Compensatory Leave)** उपलब्ध गराउने व्यवस्था मिलाउने।
- प्रत्येक स्वास्थ्य संस्थाले आइतबार सेवा सञ्चालनका लागि **कर्मचारीको ड्युटी तालिका तयार गरी पालैपालो जनशक्ति परिचालन** गर्ने र उक्त निर्णयको प्रभावकारी कार्यान्वयनका लागि **स्वास्थ्य शाखाले आवश्यक समन्वय, अनुगमन तथा सहजीकरण गर्ने गरी** व्यवस्था मिलाउने सर्वसम्मत रूपमा निर्णय गरियो।

**निर्णय नं. १० : आर्थिक सहयोग सम्बन्धमा।**

१. विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस, गोष्ठी सम्बन्धी खर्च शिर्षकबाट लमजुङ साईक्लिङ संघ, लमजुङलाई "प्रथम टुर दी लमजुङ २०२६" कार्यक्रमको लागि रु.१,५०,०००।- (अक्षरमा एक लाख पचार हजार रुपैया मात्र) सहयोग गर्ने निर्णय गरियो।

२. विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस, गोष्ठी सम्बन्धी खर्च शिर्षकबाट राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति लमजुङलाई कलाकार कल्याणकारी कोष स्थापनार्थ राष्ट्रिय कलाकार माया गुरुङ सांगीतिक साँझ - २०८३ कार्यक्रमको लागि रु.१,००,०००।- (अक्षरमा एक लाख रुपैया मात्र) सहयोग गर्ने निर्णय गरियो।

विजेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

AnyScanner

**निर्णय नं-११ : करार सेवामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा।**

यस मर्स्याङ्दी गाउँपालिका कार्यालयमा कार्यरत करार कर्मचारीहरुको संवत २०८३ साउन १ गतेदेखि लागु हुने गरी साविक तलबमानमा थप १०% तलब वृध्दि गरिने र नेपाल सरकारले तोकिएको न्युनतम पारिश्रमिक रु १९,५००.०० भन्दा कम हुन गएका करार कर्मचारीहरुको हकमा नपुग हुने फरक रकम सोही बराबर तलबमान कायम गरिने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं-१२ : भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।**

यही मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दुःख एवं शोक व्यक्त गर्दै विपद्का कारण ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने तथा घाइते एवं प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने विषयमा छलफल भयो।

उक्त प्राकृतिक विपद्का कारण भएको जनधनको क्षतिले समग्र राष्ट्र तथा स्थानीय समुदायलाई मर्माहत बनाएको हुँदा यस दुःखद् घटनाप्रति मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ। साथै, विपद्को यस कठिन घडीमा प्रभावित परिवार तथा समुदायप्रति ऐक्यबद्धता प्रकट गर्दै राहत, उद्धार तथा पुनःस्थापनाका कार्यमा आवश्यक समन्वय र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै यस दुःखद् एवं विपद्को घडीमा प्रभावित नागरिक तथा परिवारजनलाई आवश्यक राहत, उद्धार, पुनःस्थापना तथा पुनर्निर्माणका कार्यमा संघीय सरकार, प्रदेश सरकार, सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय, गैरसरकारी तथा सामाजिक संघ–संस्था लगायत सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौं। साथै, मृतकहरूप्रति सम्मान प्रकट गर्दै बैठकमा शोक प्रस्ताव सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो।

जिवन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष



AnyScanner